# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, जेठ ९ गते २०६० साल (अतिरिक्ताङ्क ८(ख)


## भाग ३

श्री ५ को सरकार

### शिक्षा तथा खेलकुद मन्त्रालयको सूचना

शिक्षक सेवा आयोग (दोस्रो संशोधन) नियमावली, २०५९

शिक्षक सेवा आयोग नियमावली २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः १ नियमहरूको नाम "शिक्षक सेवा आयोग (दोस्रो संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६क. मा संशोधनः शिक्षक सेवा आयोग नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६क. को उपनियम (१) मा रहेका "कम्तीमा वर्षको एकपटक" भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल नियमावलीको नियम ६ख. मा संशोधनः मूल नियमावलीको नियम ६ख. को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेका "देहायका शिक्षकले शिक्षासम्बन्धी तालिम लिएको भए आयोगले त्यस्तो शिक्षकको अन्तर्वार्ता लिई सफल भएमा निजलाई" भन्ने शब्दहरूको सट्टा "आयोगले देहायका शिक्षकमध्ये माध्यमिक विद्यालय तथा निम्न माध्यमिक विद्यालयको प्रधानाध्यापकका लागि जिल्ला शिक्षा अधिकारी र प्राथमिक विद्यालयको प्रधानाध्यापक तथा अन्य सबै किसिमका शिक्षकका लागि जिल्ला शिक्षा अधिकारी वा निजले तोकेको अधिकृतबाट कक्षाअवलोकन वा यस्तै अन्य प्रयोगात्मक परीक्षा लिन लगाई त्यस्तो शिक्षकलाई" भन्ने शब्दहरू राखिएका छन् र सोही उपनियमको खण्ड (ख) मा रहेको स्पष्टीकरण झिकिएको छ ।

(२) उपनियम (२) र (३) झिकिएका छन् ।

४. मूल नियमावलीको नियम ६ग. मा संशोधनः मूल नियमावलीको नियम ६ग, मा रहेका "नियम ६ख बमोजिम अन्तर्वार्ता लिई" भन्ने शब्दहरूको सट्टा "अन्तर्वार्ता लिई सो अन्तर्वार्तामा" भन्ने शब्दहरू राखिएका छन् र सोही नियममा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर त्यस्तो अध्यापन अनुमतिपत्र आयोगबाट स्थायी अध्यापन अनुमतिपत्रका लागि पहिलो पटक लिइएको परीक्षाको परीक्षाफल प्रकाशित भएपछि रद्द हुनेछ ।"

५. मूल नियमावलीको नियम ६घ.मा संशोधनः मूल नियमावलीको नियम ६घ.मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर स्थायी शिक्षक पदमा बहाल रहेको व्यक्तिको हकमा नियम १० को खण्ड (क) र अस्थायी शिक्षक पदमा बहाल रहेको व्यक्तिको हकमा खण्ड (छ) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (१) ले यस नियमबमोजिम अध्यापन अनुमतिपत्र लिनका लागि उम्मेदवार हुन बाधा पुऱ्याएको मानिनेछैन ।"

६. मूल नियमावलीमा नियम ६ङ. थपः मूल नियमावलीको नियम ६घ. पछि देहायको नियम ६ङ थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ। १०१६

"६ङ. अध्यापन अनुमतिपत्र लिएको मानिनेः माथिल्लो तहको अध्यापन अनुमतिपत्र लिएको व्यक्तिले तल्लो तहको शिक्षक पदमा उम्मेदवार हुन यस नियमावलीबमोजिम अध्यापन अनुमतिपत्र लिएको मानिनेछ ।"

७. मूल नियमावलीको नियम ३२ मा संशोधनः मूल नियमावलीको नियम ३२ को,–

(१) उपनियम (२क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर कुनै विद्यालयमा कार्य सम्पादन मूल्याङ्कन गर्नुपर्ने शिक्षकभन्दा एक तह वा श्रेणी माथिको प्रधानाध्यापक नभएमा प्राथमिक र निम्न माध्यमिक विद्यालयको शिक्षकको सुपरिवेक्षक सम्बन्धित विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत तथा पुनरावलोकनकर्ता जिल्ला शिक्षा अधिकारी र माध्यमिक विद्यालयको शिक्षकको सुपरिवेक्षक सम्बन्धित विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारी तथा पुनरावलोकनकर्ता सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशक हुनेछ ।"

(२) उपनियम (३) को ठाउँ-ठाउँमा रहेका "आर्थिक वर्ष" भन्ने शब्दहरुको सट्टा "शैक्षिक सत्र" भन्ने शब्दहरू राखिएका छन् ।

८. रूपान्तरः मूल नियमावलीको ठाउँ-ठाउँमा रहेका "शिक्षा नियमावली, २०४९" भन्ने शब्दहरूको सट्टा "शिक्षा नियमावली, २०५९" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,
चुमानसिंह बस्नेत
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1016

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।